**मिति :२०७५/०९/१२ गते नगर कार्यपालिकाको निर्णय**

प्रस्तावहरु

१. कार्यविधि पारित सम्बन्धमा ।
२. लेखा परिक्षण प्रतिवेदन सम्बन्धमा ।
३. भू-उपयोग निति सम्बन्धमा ।
४. प्रयोगशाला संचालन सम्बन्धमा ।
५. रकम विनियोजन सम्बन्धमा ।
६. रकम विनियोजन सम्बन्धमा ।
७. शैक्षिक कार्यक्रम संचालन सम्बन्धमा ।
८. पशु सेवा कार्यक्रम सम्बन्धमा ।
९. महिला स्वास्थ्य स्वयंम्सेविका प्रोत्साहन भत्ता सम्बन्धमा ।
१०. योजना संशोधन सम्बन्धमा ।
११. आर्थिक सहयोग सम्बन्धमा ।

निर्णय नं १

प्रस्ताव नं १ उपर छलफल गर्दा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट प्राप्त नमूना कार्यविधिलाई आवश्यक परिमार्जन गरी मध्यनेपाल नगरपालिकाको अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि २०७५ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं २

प्रस्ताव नं २ उपर छलफल गर्दा महालेखा परीक्षकको कार्यालयबाट यस कार्यालयको आ.व. २०७४।०७५ को लेखापरीक्षण कार्य सम्पन्न भई प्राप्त प्रारम्भिक प्रतिवेदन बैठकमा प्रस्तुत गरी छलफल एवं जानकारी भयो ।

निर्णय नं ३

प्रस्ताव नं ३ उपर छलफल गर्दा मध्यनेपाल नगरपालिकामा विभिन्न उद्योगहरु स्थापना एवं संचालन गर्ने कार्यलाई व्यवस्थित र प्रोत्साहन गर्नका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा (५) बमोजिम मध्यनेपाल नगरपालिकाको भू-उपयोग नीति तयार गर्ने र गण्डकी प्रदेश सरकारबाट स्वीकृत ढुङ्गा, गिट्टी, बालुवा उत्खनन संकलन क्रसिङ्ग र बिक्रि वितरण तथा क्रसर उद्योग स्थापना र संचालन

लाई व्यवस्थित गर्ने कार्यविधि २०७५ को दफा ३ को उपदफा (५) बमोजिम उपयुक्त स्थानमा उपयुक्त उद्योग स्थापना र संचालनका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं ४

प्रस्ताव नं ४ उपर छलफल गर्दा मध्यनेपाल नगरपालिका वडा नं ६ भोर्लेटार स्थित भोर्लेटार स्वास्थ्य चौकीमा स्वास्थ्य प्रयोगशाला संचालन गर्ने र सोको लागि विज्ञापन नं ४/०७५/७६ ल्याब असिष्टेण्ट पदमा बैकल्पिक उम्मेदवारको रुपमा सिफारिस भएका उम्मेदवारलाई नै सेवा करारमा लिने निर्णय गरियो ।

निर्णय नं ५

प्रस्ताव नं ५ उपर छलफल गर्दा मिति २०७५।०८।०४ मा नगर कार्यपालिका बैठकबाट निर्णय भए अनुसार प्राविधिकको सल्लाहमा नगर प्रमुखले तोकेका उपयुक्त २ स्थानमा स्ल्याव/कल्भर्ड (पुल) निर्माणका लागि रु ४० लाख विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ६

प्रस्ताव नं ६ उपर छलफल गर्दा जिल्ला प्रहरी कार्यालय लमजुङको निर्माणाधिन सभाहल निर्माणका लागि गत वर्षको मौज्दात बाट खर्च हुने गरी रु ३ लाख विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ७

प्रस्ताव नं ७ उपर छलफल गर्दा नगरपालिका भित्र कक्षा ८ को परीक्षा संचालन लगायत विभिन्न शैक्षिक कार्यक्रम संचालनको लागि गत वर्षको मौज्दात बाट खर्च हुने गरी रु १० लाख विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ८

प्रस्ताव नं ८ उपर छलफल गर्दा मध्यनेपाल नगरपालिका वडा नं ८ भेडा बाखामा माहामारीको रुपमा फैलिएको पि.पि.आर रोग र वडा नं १ र २ मा पशु वस्तुमा फैलिएको खोरेत रोग निवारण गर्न भएको खर्च तथा वडिजो खरिद कार्यमा खर्च भएको रु. २,३६,५६५।- उक्त रकम नगर प्रमुख आकास्मिक कोषबाट खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं ९

प्रस्ताव नं ९ उपर छलफल गर्दा नगरपालिका भित्रका महिला स्वास्थ्य स्वयंम्‌सेविका प्रोत्साहन भत्ता यस आ.व.बाट मासिक रु ८००।- कायम गर्ने र सोको लागि नपुग हुने रकम रु ५,८५,०००।- गत वर्षको मौज्दात बाट खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं १०

प्रस्ताव नं १० उपर छलफल गर्दा मध्यनेपाल नगरपालिका वडा नं ६ का नगर सभाबाट स्वीकृत भएको योजना क्र.स. २०६ मा रहेको चार सय चौतारा बाट ग्रीन भ्याली जोड्ने मोटर बाटो लाई भोर्लेटार स्कूल रानी मोटरबाटोमा खर्च गर्ने गरी योजना संशोधन गर्ने र क्र.सं.२२८ मा रहेको गरिब तथा असहाय छात्र/छात्रा पोशाक वितरण योजनालाई डिही खानेपानी योजनामा संशोधन गर्ने निर्णय गरियो ।

निर्णय नं ११

प्रस्ताव नं ११ उपर छलफल गर्दा मध्यनेपाल न.पा. वडा नं ७ निवासी पूर्व ईशानेश्वर गा.वि.स. उपाध्यक्ष श्री मन बहादुर गुरुङलाई स्वास्थ्य उपचारको सहयोगको लागि रु १ लाख सहयोग गर्ने निर्णय गरियो ।